# सवारी चालक अनुमतिपत्र वितरणको लागि संचालन गरिने प्रयोगात्मक परीक्षा व्यवस्थित गर्ने निर्देशिका, २०६९

(निर्णय मिति : २०६९/१०/१७)


यातायात व्यवस्था विभाग

पौष, २०६९

काठमाण्डौ

# सवारी चालक अनुमतिपत्र वितरणको लागि संचालन गरिने प्रयोगात्मक परीक्षा व्यवस्थित गर्ने निर्देशिका, २०६९

विगत केही वर्ष देखि नेपालमा सवारी साधनको संख्यामा उल्लेख्य वृद्धि भई रहेको छ। नेपाली समाजमा देखा परेको आर्थिक सामाजिक गतिशिलतासंगै मानिसको आवागमन र मालवस्तुको ओसार पसारमा देखिएको वृद्धिले सार्वजनिक सवारी साधनको संख्या निरन्तर वढी रहेको छ। सवारी साधनको संख्यात्मक वृद्धि केवल सार्वजनिक सवारीको प्रयोगमा मात्र सीमित छैन। विषेश गरी शहरी क्षेत्रमा आवागमनको लागि निजी सवारी साधन प्रयोग गर्नेहरुको संख्या पनि विगत केही वर्ष देखि महत्वपूर्ण रुपमा वढी रहेको छ। यसरी एकातिर सवारी साधनको संख्या वढी रहेको छ भने अर्कोतिर सवारी दुर्घटनाको कारण धनजनको क्षति हुने प्रवृत्तिमा देखिएको वढोत्तरीले सवारी सुरक्षालाई सर्वजनिक गतिविधिको मुख्य विषय वस्तु भएको छ।

सवारी चालकको क्षमता परीक्षण गरी चालक अनुमति दिने कार्य सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ दफा (४९) को उपदफा (१) अनुसार यातायात व्यवस्था कार्यालयले गरी आएका छन्। क्षमता परीक्षणको लागि यी कार्यालयले अवलम्वन गर्ने उपाय प्रभावकारी हुन नसकेको जनगुनासो पनि रहेको छ। यस परिप्रेक्ष्यमा सवारी चालक अनुमतिपत्र प्रदान गर्न संचालन गरिने प्रयोगात्मक परीक्षालाई आधुनिक र वैज्ञानिक बनाउन आवश्यक भएकोले सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम (६३) ले दिएको अधिकार प्रयोग गरी सवारी तथा यातायात व्यवस्था ऐन,२०४९ को दफा (४९) को उपदफा (१) को प्रयोजनको लागि यातयात व्यवस्था विभागले यो निर्देशिका जारी गरेको छ।

# परिच्छेद – १
# चार पाँग्रे (मोटर) सवारी चालकको क्षमता परीक्षण

यातायात व्यवस्था ऐन २०४९ को दफा (४९) को उपदफा (१) को व्यवस्था अनुसार ठूलो, मझौला, वा सानो वर्गको चार पाँग्रे सवारी (डोजर, रोडरोलर, क्रेन, लोडर वाहेक) चलाउनको लागि जारी गरिने सवारी चालक अनुमतिपत्रको लागि आवेदन दिई लिखित परीक्षा उत्तिर्ण गर्नेहरुको लागि सम्बन्धित यातायात व्यवस्था कार्यालयले सवारी चलाउनको लागि आवश्यक व्यवहारिक शिप तथा ज्ञानको परीक्षणको लागि ट्रायल परीक्षा संचालन गर्ने छन् । यस्तो ट्रायल परीक्षामा परीक्षण गरिने विषयवस्तु, परीक्षणको तरिका, ट्रायलस्थल र अनुत्तिर्ण हुने व्यवस्था देहाय वमोजिम हुनेछ ।

## १.१. शिप र ज्ञानको परीक्षण गरिने विषाय

मोटर चालकको क्षमताको परीक्षण गर्दा चालकमा देहाय वमोजिमका शिप र ज्ञानको अवस्थाको परीक्षण गरिने छ ।

(क) इन्जिन सुचारु गर्नु भन्दा अगाडि लिनु पर्ने सावधानीका उपायहरु अपनाउन सक्ने,

(ख) सवारी साधन चलाउन सुरु गर्दा, सवारी अगाडि वढाई रहदा वा ओभर टेक गर्न मार्ग परिवर्तन गर्दा वा दायाँ तर्फ लाग्दा वा रोक्दा संकेत गर्नु भन्दा अगाडि सवारी साधनमा रहेको टाँडा हेर्ने ऐनाको उपयुक्तढंगले प्रयोग गर्ने,

(ग) वायाँ र दायाँ कुना तर्फ सुरक्षित र सजिलरी मोड्ने,

(घ) आकस्मिक वा अन्य आवश्यक अवस्थामा सवारी साधन रोक्ने, आवश्यक अवस्थामा उपयुक्त संकेतको प्रयोग गरी सडकको उपयुक्त स्थानमा सुरक्षित रुपमा रोक्ने,

(ङ) सवारी साधन चलाउदा अन्य क्रियाकलापवाट ध्यान भंग हुन नदिने र प्रिजेन्स अफ माइन्ड प्रदर्शन गर्ने,

(च) ट्राफिक चिन्ह वा ट्राफिक वत्ती वा ट्राफिक प्रहरी वा प्रहरीले गरेको संकेतको ठीकढंगले शिघ्र पलना गर्ने र अरु सडक प्रयोगकर्ताले दिएको संकेतको पालना ठीकढंगले गर्ने,

(छ) पैदल यात्रुले बाटो क्रस गर्ने ठाँउहरुमा उपयुक्त व्यवहार प्रदर्शन गर्ने ।

(ज) सवारी साधनमा रहेका हाते वा विद्युतीय संकेतहरुको स्पष्ट र विना गल्ती ठीक समयमा ठीक संकेतको प्रयोग गर्ने,

(झ) ट्राफिक र सडकको अवस्था अनुसार सवारी साधनको गतिलाई सन्तुलित राख्ने,

(ञ) ठाडो उकालोमा ह्यान्ड व्रेक वा एक्सिलेटर र गोडामा रहेको व्रेकको प्रयोग गरी सवारी साधनलाई पछाडि सर्न नदिई रोक्न र पुनः संचालन गर्न सक्ने,

(ट) ओरालोमा जादा तल्ला गियरहरुमा शिघ्र परिवर्तन गर्न सक्ने,

(ठ) पछाडिको गियर प्रयोग गरी सवारी साधनलाई सीमित चौडाइको सडकमा दायाँ वा वायाँ तर्फवाट फर्काउदा पूर्ण नियन्त्रणमा ठीक तरिकाले फर्काउने,

(ड) ट्राफिक अवस्थाले माग गरेको वेला उच्च गियरबाट तल्लो गियरमा शिघ्र परिवर्तन गर्न सक्ने,

(ढ) सवारी साधनमा रहेका एक्सिलेटर, क्लच, गियर, व्रेक (हाते र गोडाको), स्टेरिङ्ग र हर्नको ठीकढंगले प्रयोग गर्ने र

(ण) आवश्यक परेको वा भएको अवस्थामा स्टेरिङ्ग, सहज गियरको परिवर्तन र व्रेकको प्रयोग गरी सवारी साधनमा साधारण नियन्त्रण कायम गर्ने ।

## १.२. परीक्षणको तरिका

चालकमा उल्लेखित शिप र ज्ञानको अवस्थाको परीक्षणको लागि देहाय बमोजिमको सात विभिन्न विधिको अवलम्वन गरिने छ ।

(क) चलाउनु पूर्वको सवधानी र सुरक्षा परीक्षण

१. सिट वेल्टको प्रयोग

२. सवारीको सिसा वन्द गर्ने

३. सवारीको ऐना, संकेत र स्टार्टको जाँच

(ख) चित्र आँठमा परीक्षण

१. चालकको ध्यानको जाँच

२. मोडाउनको लागि आवश्यक दूरीको अन्दाज गरी दूरी कायम गर्ने

३. सवारी साधनको चौडाईको अनुमान गर्ने

४. एक्सिलेटर, व्रेक र क्लचको प्रयोग ठीक र समन्वयात्मकढंगवाट गर्ने

५. थ्रोटलको सन्तुलन मिलाउने

६. शरीरको सन्तुलन मिलाउने

७. सवारी भित्रवाट ठीकढंगले हेर्ने

(ग) स्पिड व्रेकर परीक्षण

१. सवारी नियन्त्रण गर्ने

२. प्रभावकारीढंगवाट व्रेक लगाउने

३. जर्क कम गर्ने

४. चेसिस र जमिन बीच उपयुक्त क्लेयरेन्स कायम गर्ने

(घ) ट्राफिक संकेतको परीक्षण

१. "यू" टर्नमा साइड लाइटको प्रयोग

२. जेव्रा क्रसिङ्गमा देखाउनु पर्ने सावधानी

३. ट्राफिक वत्तीको उपयोग

(ङ) न्याम्प परीक्षण

१. उकालो र ओरालोमा तल्ला गियरमा चलाउने

२. उकालो र ओरालोमा सवारी रोक्ने र अगाडि वढाउने

(च) ग्यारेज पार्किङ्ग परीक्षण

१. व्याक गियरको प्रयोग गरेर पछाडि फर्कने

२. व्याक गियरको प्रयोग गरेर दायाँ वायाँ मोड्ने

३. सवारीको स्थायित्व र नियन्त्रण कायम गर्ने

४. टाँढा हेर्ने ऐनाको प्रयोग गर्ने

(छ) सवारीको गति, गियर परिवर्तन र समयको परीक्षण

निश्चित समयमा विभिन्न गियरमा सवारी चलाउने गति

## १.३ ट्रायलस्थल

उल्लेखित विधिवाट चालकको क्षमता परीक्षणको लागि यसैसाथ संलग्न अनुसूची – १ बमोजिमको ट्रायलस्थलको व्यवस्था यातायात व्यवस्था कार्यालयले गर्ने छन् ।

## १.४. परीक्षामा अनुत्तिर्ण हुने अवस्था

ट्रायल परीक्षाको क्रममा संचालन गरिने क्षमता जाँचका सबै सात तरिका पुरा गरेको वा नगरेको स्थितिमा देहाय वमोजिमको कुनै एक अवस्था देखिएमा उक्त उम्मेदवारलाई अनुत्तिर्ण घोषणा गरिने छ ।

१. सिट वेल्ट प्रयोग नगरी वा पछाडि तथा दायाँ वायाँ हेर्ने सिसाको परीक्षण नगरी वा साइड लाइटको परीक्षण नगरी सवारी साधन स्टार्ट गरेर अगाडि वढाएमा ।
२. चित्र आँठमा तोकिएको लाइन भन्दा वाहिर सवारी साधन लगेमा ।
३. स्पिड ब्रेकरमा सवारी साधन रोकिएमा वा स्टार्ट वन्द भएमा ।
४. “यू” टर्नमा साइड लाइटको प्रयोग नगरेमा ।
५. ट्राफिक संकेतको पालना नगरेमा ।
६. न्याम्पको चढाइमा रोकेर अगाडि बढाउदा सवारी साधन ६ इन्च भन्दा वढी पछाडि फर्किएमा ।
७. ग्यारेज पकिङ्ग गर्दा तोकिएको लाइन भन्दा वाहिर सवारी गएमा ।
८. दुई वा वढी पटक सवारीको स्टार्ट रोकिएमा ।
९. ट्रायलका सबै तरिका पुरा गर्न १० मिनेट भन्दा वढी समय लगाएमा ।

# परीच्छेद - २

## दुई पांग्रे (मोटरसाइकल)सवारी चालकको क्षमता परीक्षण

यातायात व्यवस्था ऐन, २०४९ को दफा (४९) को उपदफा (१) व्यवस्था अनुसार दुई पाँग्रे सवारी (स्कुटर समेत) चलाउनको लागि जारी गरिने सवारी चालक अनुमतिपत्रको लागि आवेदन दिई लिखित परीक्षा उत्तिर्ण गर्नेहरुको लागि सम्बन्धित यातायात व्यवस्था कार्यालयले सवारी चलाउनको लागि आवश्यक व्यवहारिक शिप तथा ज्ञानको परीक्षणको लागि ट्रायल परीक्षा संचालन गर्ने छन्। यस्तो ट्रायल परीक्षामा परीक्षण गरिने विषयवस्तु, परीक्षणको तरिका, ट्रायलस्थल र अनुत्तिर्ण हुने अवस्था देहाय वमोजिम हुने छ।

### २.१ शिप र ज्ञान परीक्षणको विषय

मोटरसाइकल चलाउने क्षमताको परीक्षण गर्दा चालकमा देहाय वमोजिमका शिप र ज्ञानको अवस्थाको परीक्षण गरिने छ।

(क) इन्जिन सुचारु गर्नु भन्दा अगाडि लिनु पर्ने सावधानीका उपायहरु अपनाउन सक्ने,

(ख) वायाँ र दायाँ कुना तर्फ सुरक्षित र सजिलरी मोड्ने,

(ग) आकस्मिक वा अन्य आवश्यक अवस्थामा सवारी साधन रोक्ने, आवश्यक अवस्थामा उपयुक्त संकेतको प्रयोग गरी सडकको उपयुक्त स्थानमा सुरक्षित रुपमा रोक्ने,

(घ) सवारी साधन चलाउदा अन्य क्रियाकलापवाट ध्यान भंग हुन नदिने र प्रिजेन्स अफ माइन्ड प्रदर्शन गर्ने,

ङ) ट्राफिक चिन्ह वा ट्राफिक वत्ती वा ट्राफिक प्रहरी वा प्रहरीले गरेको संकेतको ठीकढंगले शिघ्र पलना गर्ने र अरु सडक प्रयोगकर्ताले दिएको संकेतको पालना ठीकढंगले गर्ने,

(च) पैदल यात्रुले वाटो क्रस गर्ने ठाँउहरुमा उपयुक्त व्यवहार प्रदर्शन गर्ने

(छ) सवारी साधनमा रहेका विद्युतीय संकेतहरुको स्पष्ट र विना गल्ती ठीक समयमा ठीक संकेतको प्रयोग गर्ने,

(ज) ट्राफिक र सडकको अवस्था अनुसार सवारी साधनको गतिलाई सन्तुलित राख्ने,

(झ) ठाँडो उकालोमा ह्यान्ड ब्रेक वा थ्रोटल र गोडामा रहेको ब्रेकको प्रयोग गरी सवारी साधनलाई पछाडि सर्न नदिई रोक्न र पुनः संचालन गर्न सक्ने

ञ) ओरालोमा जादा तल्ला गियरहरुमा शिघ्र परिवर्तन गर्न सक्ने

(ट) ट्राफिक अवस्थाले माग गरेको वेला उच्च गियरवाट तल्लो गियरमा शिघ्र परिवर्तन गर्न सक्ने, र

(ठ) सवारी साधनमा रहेका एक्सिलेटर, ल्कच, गियर, ब्रेकहरु र हर्नको ठीकढंगले प्रयोग गर्न सक्ने ।

**नोट : गियर नभएका दुई प्राँगे सवारी साधन चालकको लागि गरिने परीक्षणमा गियरको उपयोगको विषय समावेश गरिने छैन ।**

## २.२. परीक्षणको तरिका

चालकमा उल्लेखित शिप र ज्ञानको अवस्थाको परीक्षणको लागि देहाय बमोजिमको सात विभिन्न विधि अवलम्वन गरिने छ ।

(क) चलाउनु पूर्वको सवधानी र सुरक्षा परीक्षण

१. सुरक्षाको लागि हेल्मेट, पन्जा, जुत्ताको प्रयोग

२. सवारीको ऐना, संकेत र स्टार्ट गर्दाको अवस्था

(ख) चित्र आँठमा परीक्षण

१. चालकको ध्यान

२. थ्रोटलको सन्तुलन

३. शरीरको सन्तुलन

४. सवारीमा वसेर हेर्ने तरिका (भिजन)

५. ब्रेकको उपयोग

(ग) साँघुरो काठमा परीक्षण

१. विस्तारै लैजाने गति

२. साँघुरो सडकमा सवाधानी

३. साँघुरो सडकमा सवारीको नियन्त्रण

४. चालकको ध्यान

(घ) ट्राफिक संकेतको परीक्षण

१.“ यू ” टर्नमा साइड लाइटको प्रयोग

२. जेब्रा क्रसिङ्गमा देखाउनु पर्ने सावधानी

३. ट्राफिक वत्तीको उपयोग

(ङ) उवड खावडको परीक्षण

१. उवड खावडमा सन्तुलन

२. आकस्मिक अवस्थामा प्रतिक्रिया

३. गति नियन्त्रण

(च) न्याम्प परीक्षण

१. उकालो र ओरालोमा तल्ला गियरको प्रयोग

२. उकालो र ओरालोमा सवारी रोक्ने र अगाडि बढाउने

(छ) सवारीको गति, गियर परिवर्तन र समयको परीक्षण

निश्चित समयमा विभिन्न गियरमा गतिको जाँच

**नोट : गियर नभएका दुई पांग्रे सवारी साधन चालकको लागि गरिने परीक्षणमा गियर उपयोगको शिपको परीक्षण गरिने छैन ।**

## २.३. ट्रायलस्थल

उल्लेखित विधिवाट चालकको क्षमता परीक्षणको लागि यसै साथ संलग्न अनुसूची – २ वमोजिमको ट्रायलस्थलको व्यवस्था यातायात व्यवस्था कार्यालयले गर्ने छन् ।

## २.४. परीक्षामा अनुत्तिर्ण हुने अवस्था

ट्रायल परीक्षाको क्रममा संचालन गरिने क्षमता जाँचका सबै सात तरिका पुरा गरेको वा नगरेको स्थितिमा देहाय वमोजिमको कुनै एक अवस्था देखिएमा उक्त उम्मेदवारलाई अनुत्तिर्ण घोषणा गरिने छ ।

१. हेल्मेट नलगाई वा ऐना नमिलाई वा साइड लाइटको परीक्षण नगरी स्टार्ट गरेर अगाडि वढाएमा

२. चित्र आठमा तोकिएको लाइन भन्दा वाहिर सवारी साधन लगेमा

३. साँघुरो फलेकवाट सवारी साधन वाहिर पुर्‍याएमा

४. “यू” टर्नमा साइड लाइटको प्रयोग नगरेमा

५. ट्राफिक संकेतको पालना नगरेमा
६. उवड खावड परीक्षणमा रोकेर गोडा टेकेमा
७. र्‍याम्पको चढाईमा रोकेर अगाडि बढाउदा सवारी साधन ६ इन्च भन्दा वढी पछाडि फर्किएमा
८. दुई पटक वा वढी स्टार्ट रोकिएमा
९. ट्रायलका सबै तरिका पुरा गर्न पाँच मिनेट भन्दा वढी समय लगाएमा

# परीच्छेद – ३
# व्यवस्थापन

## ३.१. परीक्षाको व्यवस्थापन

ट्रायलस्थलमा परीक्षणको शिलशिलामा उपयोग गरिने प्रकृया तथा नतिजा व्यवस्थापनको कार्य यातायात व्यवस्था कार्यालयले देहाय वमोजिम गर्नु पर्ने छ ।

१. परीक्षाको अनुगमनको लागि प्रत्येक ट्रायलस्थलमा सबै परीक्षण विधिलाई निगरानी गर्न सक्ने गरी सि सि टि भि **(Close Circuit Camera)** को व्यवस्था गरिने छ ।

२. यसरी जडान गरिएको सि सि टि भि मा प्रत्येक उम्मेदवारको पहिचान गर्ने व्यवस्था मिलाइने छ ।

३. यस्तो सि सि टि भि मा सम्वन्धित उम्मेदवारको चालक अनुमतिपत्र जारी नहुदा सम्मको अभिलेख राखिने छ ।

४. ट्रायलस्थलमा यातायात व्यवस्था कार्यालयले स्वीकृत गरेको सवारी साधन मात्र प्रयोग गर्न पाइने छ । आफ्नो वा आफुखुसी सवारी साधनको प्रयोग गर्न पाइने छैन ।

५. ट्रायलस्थलमा प्रत्येक उम्मेदवारको शिप र ज्ञान परीक्षणको लागि यातायात व्यवस्था कार्यालयले निरीक्षकहरु खटाउने छ ।

६. यसरी खटिएका निरीक्षकको निगरानीमा मात्र ट्रायल परीक्षा संचालन गरिने छ ।


७. ट्रायल परीक्ष दिई सके पछि सम्बन्धित उम्मेदवारलाई निजको नतिजाको वारेमा तत्कालै जानकारी दिइने छ । नतिजामा चित्त नवुझ्नेलाई सि सि टि भि मा राखिएको तस्वीर हेर्न दिइने छ ।

८. प्रत्येक दिनको ट्रायल परीक्षा सम्मन्न भए पछि सम्बन्धित यातायात व्यवस्था कार्यालयले उक्त दिनको नतिजा यातायात व्यवस्था विभागको वेइवसाइटमा राख्ने छन् ।

## ३.२. प्रतिवेदन र नतिजा

क्षमता परीक्षणको कार्य सम्पन भए पछि निरीक्षकले अनुसूची – ३ वमोजिमको प्रतिवेदन यातायात व्यवस्था कार्यालयमा परीक्षण भएकै दिन दिनु पर्ने छ । यसरी निरीक्षकको प्रतिवेदन प्राप्त भए पछि यातायात व्यवस्था कार्यालयले नतिजा तयार गरी स्थानीयस्तरमा सार्वजनिक गर्नु पर्दछ । साथै, उक्त नतिजा यातायात व्यवस्था विभागको वेइवसाइटमा ट्रायल परीक्षा सम्पन्न भएको चौबीस घण्टा भित्र राख्नु पर्ने छ ।

# अनुसूची - २ (ख)


SAMPLE LAYOUT FOR 2-WHEELER MOTOR VEHICLE
(One vehicle at a time)
300 m
Dimension in meter
Angle in degree
Area = 50X16 sq.m.
Traffic Signal Test
Traffic Light
Gap
Narrow Plank Test
50cm
Bumpy Test (Top View)
Bumpy Test (Side View)
10cm
stop
Figure 8 Test
Ramp Test (Top View)
Ramp Test (Side View)
Speed,Gear and Timing Test
IN
OUT

# अनुसूची – ३

श्रीमान् कार्यालय प्रमुखज्यु,
यातायात व्यवस्था कार्यालय,
................................ ।

विषय : प्रयोगात्मक परीक्षाको नतिजा प्रस्तुत गरेको वारे ।

आज मिति ...................... मा यस कार्यालयद्धारा संचालित मोटरसाईकल/स्कुटर/मोटर (हलुका/मझौला/भारी) को प्रयोगात्मक परीक्षाको नतिजा तपशील वमोजिम रहेको व्यहोरा अनुरोध गर्दछु ।

**तपशील**

| दर्ता नं | नाम थर | नतिजा | | अनुत्तिर्ण हुनुको कारण |
|---|---|---|---|---|
| | | उत्तिर्ण | अनुत्तिर्ण | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**निरीक्षकको दस्तखतः**..............................
**नाम थर** :...................................
**पदः**...........................................